आज मिति २०८०।०२।३१ गत बुधबारका दिन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम गठित जिल्ला विपद् व्यवस्थापन समिति, भक्तपुरको बैठक प्रमुख जिल्ला अधिकारी श्री खगेन्द्रप्रसाद रिजालज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिम निर्णयहरू गरियो ।

विशेष उपस्थिति

नगर प्रमुख श्री बासुदेव थापा – सूर्यविनायक नगरपालिका, भक्तपुर

नगर प्रमुख श्री सुनिल प्रजापति – भक्तपुर नगरपालिका, भक्तपुर

नगर प्रमुख श्री जीवन खत्री – चाँगुनारायण नगरपालिका, भक्तपुर

नगर प्रमुख श्री सुरेन्द्र श्रेष्ठ – सूर्यविनायक नगरपालिका, भक्तपुर

उपस्थिति

अध्यक्ष - प्रमुख जिल्ला अधिकारी श्री खगेन्द्रप्रसाद रिजाल – जिल्ला प्रशासन कार्यालय, भक्तपुर

श्री सुशीला बस्नेत – नेपाली कांग्रेस, भक्तपुर

श्री बचन पौडेल – नेकपा एमाले, भक्तपुर

श्री सुशिल [illegible] – नेकपा माओवादी केन्द्र, भक्तपुर

श्री ........................ – राष्ट्रिय स्वतन्त्र पार्टी, भक्तपुर

श्री जमुना थापा – राप्रपा, भक्तपुर

श्री श्याम बस्नेत – नेकपा (एकीकृत समाजवादी), भक्तपुर (नेकपा (एस))

श्री पाण्डव सुनाम – नेमकिपा, भक्तपुर

सहायक प्रमुख जिल्ला अधिकारी श्री डोरेन्द्र निरौला - जिल्ला प्रशासन कार्यालय, भक्तपुर

जिल्ला समन्वय अधिकारी श्री तीर्थ प्रकाश पौडेल. जि.स.स.का., भक्तपुर

प्रमुख प्रशासकीय अधिकृत श्री विजय ~~राज~~ कुमार शर्मा – भक्तपुर नगरपालिका, भक्तपुर

प्रमुख प्रशासकीय अधिकृत श्री श्रीधर के.सी.– सूर्यविनायक नगरपालिका, भक्तपुर

प्रमुख प्रशासकीय अधिकृत श्री विजयराज सुवेदी – मध्यपुर थिमि नगरपालिका, भक्तपुर

विपद् फो.न्. [illegible] दिनेश थापा
~~प्रमुख प्रशासकीय अधिकृत श्री चुरामणी पन्थी~~ – चाँगुनारायण नगरपालिका, भक्तपुर

यादव प्रसाद अधिकारी सहसचिव नेपाली कांग्रेस –

प्रमुख सेनानी श्री श्याम राजा विक्रम थापा – इन्द्र बक्स गण, भक्तपुर

प्रहरी उपरीक्षक श्री प्रजित के.सी. – जिल्ला प्रहरी परिसर, भक्तपुर

सशस्त्र प्रहरी उपरीक्षक श्री दिनेश कुमार महत – सशस्त्र प्रहरी बल नेपाल नं.२२ गण, दुवाकोट- भक्तपुर

उप.अ.नि. श्री प्रकाश आचार्य – रा.अ. जि.कार्यालय, भक्तपुर

इकाई प्रमुख श्री रमेश मैनाली – शिक्षा विकास तथा समन्वय इकाइ, भक्तपुर

डिभिजन प्रमुख श्री विनय पौडेल – जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय, भक्तपुर

डिभिजन प्रमुख श्री मेघराज मरासनी – सडक डिभिजन कार्यालय, भक्तपुर

जिल्ला आयुक्त श्री कृष्ण कुमार महर्जन – जिल्ला आयुक्तको कार्यालय, भक्तपुर

कार्यालय प्रमुख श्री कृष्ण बहादुर मिजार – स्वास्थ्य कार्यालय, भक्तपुर

डिभिजन ~~प्रमुख~~ श्री ~~लोक बहादुर चौलागाइ~~ – खानेपानी तथा सरसफाइ डिभिजन नं.५, भक्तपुर
सव.ई. विकाश कुमार राउत

आयुर्वेद चिकित्सक डा.नरेन्द्र प्रसाद गिरी – जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भक्तपुर

कार्यालय प्रमुख श्री अतुलेश कुमार कर्ण – संघीय खानेपानी तथा सरसफाई कार्यालय, भक्तपुर

कार्यालय प्रमुख श्री शिव प्रसाद निरौला – यातायात व्यवस्था, सवारी चालक अनुमति पत्र, भक्तपुर

कार्यालय प्रमुख श्री ज्ञाननाथ सापकोटा – नेपाल टेलिकम, भक्तपुर

कार्यालय प्रमुख श्री राम दुलार यादव – नेपाल विद्युत प्राधिकरण, भक्तपुर

शाखा प्रमुख श्री चेत बहादुर ऐर – काठमाडौं उपत्यका खानेपानी लिमिटेड, भक्तपुर

~~अध्यक्ष श्री शिव प्रसाद मानन्धर~~ – भक्तपुर उद्योग बाणिज्य संघ, भक्तपुर
राजेन्द्र प्रसाद प्रजापति

कार्यालय प्रमुख श्री लोक बहादुर कार्की – जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुर
मन्त्री परशुराम पाण्डे

~~सभापति~~ श्री ~~मनोज थापा~~ – नेपाल रेडक्रस सोसाइटी, भक्तपुर

अध्यक्ष श्री जगत प्रजापति – पत्रकार महासंघ, जिल्ला कार्य समिति, भक्तपुर

स.प्र.ना.उ बिपिन देशार

पाण्डव सुवाल, नेपाल मजदुर किसान पार्टी भक्त

नारायण क्यौपाने ... हरदेखी संस्था भक्तपुर

अर्जुन कुमार गैरापिप्ली सामुदायिक विकास तथा अनुसन्धान केन्द्र भक्तपुर

विश्वराम त्वानाबासु जिल्ला समन्वय समिति सदस्य

बैठकका एजेण्डा

१. मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० पारित गर्ने।

२. राहत रकम अनुमोदन गर्ने।

३. विपद् व्यवस्थापन सम्वन्धमा।

४. विविध।

निर्णयहरु

१. विभिन्न सरोकारवाला संघ/संस्था तथा निकायहरुको संलग्नता तथा सुझाव समेतको आधारमा जिल्ला प्रशासन कार्यालय, भक्तपुरले तर्जुमा गरेको मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० पारित गर्ने।

२. जिल्ला विपद् व्यवस्थापन कोषबाट मिति २०७९/१२/२२ देखि मिति २०८०/२/३१ गतेसम्म प्रदान गरिएको देहाय बमोजिमको राहत तथा क्षर्तिपूर्ति रकम अनुमोदन गर्ने।

देहाय

| सि.न. | नाम थर | ठेगाना | राहत रकम | विवरण |
|---|---|---|---|---|
| १ | चन्द्रमाया चूल्यादेखु | चा.न.पा.-८, भक्तपुर | रु.७,०००।- | आगलागी |
| २ | बिना कृषि फर्म | चा.न.पा.-३, भक्तपुर | रु.७,०००।- | आगलागी |
| ३ | चन्द्र कुमार भट्टराई | सू.न.पा.८, भक्तपुर | रु.१५,०००/- | आगलागी |
| ४ | शान्ति कृषि फर्म | चा.न.पा.-३, भक्तपुर | रु.१०,०००।- | आगलागी |
| जम्मा | | | रु.३९,०००।– (उन्नचालीस हजार) | |

३. यस जिल्लामा भएका विपद्सँग सम्बन्धित घटनाहरु, सोको न्यूनीकरण एवम् नियन्त्रण लगायत समसामयिक विषयमा छलफल एवम् समीक्षा भयो।

४. यस बर्षको मनसून शुरु भएकोले पहिचान गरिएका जोखिमयुक्त स्थानहरुमा निगरानी बढाई तत्काल उद्धार तथा पुनर्स्थापनाको लागि उद्धार सामग्री तथा जनशक्ति तयारी अवस्थामा राख्ने।यस सन्दर्भमा विकास निर्माण कार्यमा ढिलाईका कारण विपद्जन्य घटना बृद्धि हुन सक्ने हुँदा सरोकारवाला निकायहरु र जनप्रतिनिधिहरु समेतले तदारुकता देखाई विकास निर्माणलाई समयमै सम्पन्न गर्न पहल गर्ने। यस क्रममा प्रहरी प्रशासनको समन्वय आवश्यक परे समयमै समन्वय/सहजीकरण/अनुगमन/निर्देशन गर्ने।

५. विभिन्न निकाय तथा संघ/संस्थाबाट विपद्को लागि राहत वितरण गर्दा स्थानीय तहको सिफारिश एवम् जिल्ला प्रशासन कार्यालयको समन्वयमा दोहोरो नपर्ने गरी एकद्वार पद्धतिबाट वितरणको व्यवस्था मिलाउने।

६. विभिन्न जग्गा एकीकरण आयोजनाहरुमा खुल्ला क्षेत्र राख्ने व्यवस्था भएकोमा उक्त क्षेत्रहरु अन्य प्रयोजनमा प्रयोग नगरी विपद्को समयमा प्रयोग गर्न मिल्ने गरी खुल्ला क्षेत्र नै कायम राख्न सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालय मार्फत सबै सरोकारवाला निकायहरुलाई पत्राचार गर्ने।

७. गर्मीयाममा हुन सक्ने आगलागीका घटना नियन्त्रण गर्न पर्याप्त पानी आश्यक पर्ने हुँदा भक्तपुर जिल्लाभित्र रहेका पानीका स्रोत, डीप बोरिङ्ग, पोखरीका क्षेत्रहरु र उक्त क्षेत्रबाट पानी रिफिलिङ्ग गर्ने ट्याङ्कर व्यवसायीहरुको विवरण संकलन गरी आवश्यक परेका बखत तुरुन्त प्रयोग गर्न सकिने हिसाबले अद्यावधिक गरी राख्न र आगामी आर्थिक बर्षको बजेटमा विपद् उद्धारको लागि आवश्यक पर्ने सामग्री र खाद्यन्न समेत तत्काल खरिद गर्ने प्रयोजनार्थ आवश्यक पर्ने रकम र नगरपालिकाको उपर्युक्त स्थानमा Fire Hydrant को व्यवस्था गर्न भक्तपुरस्थित सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने। स्थानीय तहहरुबाट तयार पारिएको विवरण संकलन गरी जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुरले एकीकृत विवरण तयार पारी कार्यान्वयन गर्ने।

८. मिति २०८०/०१/३१ गते विजेन चौगुठीको न्यू दाजुभाइ फर्निचर ट्रेडर्समा आगलागी हुँदा दुई करोड पचास लाख क्षति भएको भनी आर्थिक तथा भौतिक सहयोग गरिदिनु हुन भनी निवेदन दिनुभएकोले तत्काललाई रु.२०,०००/- (बीस हजार) राहत उपलब्ध गराउने। साथै आगलागीबाट उक्त फर्ममा ठूलो क्षति भएकोले थप राहत सहयोगको लागि श्री गृह मन्त्रालय र बागमती प्रदेश सरकारलाई सिफारिश गरी पठाउने।

९. मिति २०७८/०५/०२ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट साविक नगरकोट गा.वि.स.७ (ख) को कि.नं. ११३ र कि.नं. १४९ क्षेत्रफल ३९-७-०-० जग्गाको नेपाली सेनालाई उपलब्ध गराउन यस समितिमार्फत गृह मन्त्रालयमा सिफारिश गरी पठाउने निर्णय भएकोमा उक्त निर्णयमा विपद् **"व्यवस्थापनको लागि उक्त जग्गा आवश्यक नपर्ने"** भन्ने शब्दावली छुट भएकोमा उक्त जग्गा विपद् व्यवस्थापनको लागि आवश्यक नरहेको देखिएकोले नेपाली सेनालाई उक्त जग्गा उपलब्ध गराउनका लागि यस समितिमार्फत श्री गृह मन्त्रालयमा पुनः सिफारिश गरी पठाउने।

१०. आगलागीका सन्दर्भमा पेट्रोल पम्पहरुले अनिवार्य रुपमा व्यवस्था गर्नुपर्ने Fire Hydrant लगायतका अन्य औजार/उपकरणको व्यवस्था गर्नुपर्ने भएकोले अनुगमन गरी कडाईका साथ पालना गर्न लगाउने।

११. विपद्को व्यवस्थापनका सन्दर्भमा सडक बत्तीको महत्वपूर्ण भूमिका रहने भएकाले सडक बत्तीलाई दुरुस्त अवस्थामा राख्न नेपाल विद्युत प्राधिकरण र सोको थप अनुगमन/व्यवस्थापनको लागि सबै स्थानीय तहहरुलाई अनुरोध गरी पठाउने।

२०८०/०२/३१